
annapurnapost.com
अन्नपूर्ण पोस्ट
…र २८ साउन २०८२ | भाद्र कृष्णपक्ष चतुर्थी नेपाल संवत् ११४५ | WEDNESDAY, AUGUST 13, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी


# राजनीतिक दुश्चक्रको निसानामा किन परिरहन्छ त्रिवि ?

मुलुकमा उच्च शिक्षाका ७७.६१ प्रतिशत विद्यार्थी अध्ययन गर्छन्-त्रिभुवन विश्वविद्यालयमा । मुलुकको पुरानो र प्रतिष्ठित यो विश्वविद्यालय राजनीतिक हस्तक्षेप, तालाबन्दी, धर्ना र जुलुसका कारण थला पर्दै गएको छ । एउटा दलनिकट सरकारले उपकुलपति, रजिस्ट्रार वा अरू नियुक्ति गर्दा अर्को दलनिकट विद्यार्थी वा प्राध्यापक ताला झुन्ड्याउन कुदिहाल्ने संस्कारले विश्वविद्यालयकै साख गिर्दै गएको छ । त्यसैकारण त्रिविलाई राजनीतिक हस्तक्षेप र गन्धबाट टाढै राखेर शैक्षिक संस्थाका रूपमा विकास गर्नुपर्ने जरुरी छ ।

**सुरेन्द्र काफ्ले/ममता थापा** | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २




*स्रोत : शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय*

# राज्य व्यवस्था समिति सभापति खतिवडाले दिए राजीनामा

**राधा खनाल** | *काठमाडौं*



प्रतिनिधिसभाको राज्यव्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले पदबाट राजीनामा दिएका छन्। मंगलबारको प्रतिनिधिसभा बैठकमा खतिवडाले राजीनामाको घोषणा गरेका हुन्। संघीय निजामती सेवा विधेयकको प्रतिवेदनमा 'कुलिङ पिरियड' मा जालझेल भएको भन्दै सभापति खतिवडामाथि नैतिक प्रश्न उठेको थियो। त्यस सम्बन्धमा अध्ययन तथा छानबिन गर्न गठित विशेष समितिले आफूलाई दोषी करार नगरेको दाबी गरे। खतिवडाले पदलाई भन्दा प्रश्नलाई माथि राखेर राजीनामा दिएको बताए।

संघीय निजामती विधेयकलाई समितिबाट पारित गर्दा समितिले कर्मचारी प्रशासनको शक्ति प्रदर्शनको दबाब झेल्नुपरेको उनले बताए। कुलिङ अफ पिरियडको छानबिन विशेष समितिले सभापति खतिवडा र समितिका सचिव सुरजकुमार दुरालाई प्रमुख जिम्मेवार ठहर गरेको थियो। आफूले विधेयक गलत हुन नदिन प्रयास गरेको र निजामती विधेयकमा कुलिङ अफ पिरियड लागू गर्ने कार्यमा आफू नेतृत्वको समिति अन्तिमसम्म लागेको उल्लेख गर्दै खतिवडाले भने, 'म अहिले राज्य व्यवस्था तथा सुशासन समितिको सभापतिको हैसियतमा रहेको एक इमानदार जनप्रतिनिधि हुँ। म मेरा मतदाताको शिर कहिले पनि ननिहुरियोस् भन्ने पक्षमा छु।'

राज्य व्यवस्था तथा सुशासन समिति र प्रतिनिधिसभाबाट पारित संघीय निजामती सेवा विधेयकबारे जे-जसरी 'त्रुटि' या जो-जसबाट 'खेल' भए, त्यो भोलिका दिनमा प्रमाणित हुँदै जाने पनि खतिवडाले बताए। उनले भने, 'उक्त विधेयकको प्रतिवेदनमा मेरो 'हस्ताक्षर' परेको नाताले मैले पनि जिम्मेवारीबोध गर्नुपर्छ भन्ने लागेको छ। जुन दिनमा विधेयकमा त्रुटि भएको भन्ने थाहा पाएँ त्यस दिनदेखि राज्य व्यवस्था तथा सुशासन समितिको सभापतिको हैसियतमा प्राप्त गाडीलगायत सुविधा सचिवालयमा बुझाइसकेको छु।'

उनले निजामती विधेयकमा भएको त्रुटि आफू र राज्य व्यवस्था समितिका सदस्यहरूबाट नभएको दलिल र गरिहिएर नहेर्नु आफ्नो कमजोरी रहेको स्वीकार गरे।

» बाँकी पृष्ठ ६


# वीरगन्जमा कैदीको मृत्यु, आफन्त आक्रोशित

**क्रान्ति शाह** | *वीरगन्ज*

नारायणी अस्पतालमा वीरगन्ज कारागारका एक कैदीको उपचारका क्रममा मृत्यु भएपछि छानबिनका लागि पर्साका सहायक प्रमुख जिल्ला अधिकारी (सीडीओ) को संयोजकत्वमा ७ सदस्यीय छानबिन समिति गठन गरिएको छ।

नारायणी अस्पतालमा मंगलबार बिहान उचपारका क्रममा वीरगन्ज कारागारका कैदी २८ वर्षीय राहुल साह तुराहाको मृत्यु भएको थियो। कर्तव्य ज्यान मुद्दामा विगत पाँच वर्षदेखि कैद सजाय भुक्तानी गरिरहेका वीरगन्ज-२८ घर भएका राहुललाई बिहान कारगारभित्रै शारीरिक व्यायाम गर्ने क्रममा हृदयाघत भएपछि कारागार प्रशासनले तत्कालै उपचारका लागि नारायणी अस्पतालमा पुर्‍याएको थियो। तर, त्यहाँ सुरुमा आईसीयू वार्डमा शय्या खाली नभएपछि उनलाई चिकित्सकले अन्यत्र लैजान सुझाएपछि उनका आफन्तले एम्बुलेन्स मगाएका थिए। त्यसपछि नारायणी अस्पतालकै आईसीयूमै शय्याको व्यवस्थापन गरेर उनको उपचार गर्ने क्रममा बिहान १०:३० बजे मृत्यु भएको थियो। मृतकका आफन्तले स्थानीय प्रशासन र प्रहरीले अन्यत्रको अस्पताल लैजान नदिएकाले उपचार नपाएर राहुलको मृत्यु भएको भन्दै अस्पतालअगाडि टायर बालेर नाराबाजीसहित प्रदर्शन गरेका थिए।

» बाँकी पृष्ठ ६




प्रधानमन्त्री केपी शर्मा ओलीको विशेष आलेख



## हामी हिंड्ने बाटो

१. समुन्नत अर्थतन्त्र : हरेक घरमा आयको स्रोत
२. स्वाधीनता : राजनीतिक मात्र होइन, आर्थिक पनि
३. समाजवाद उन्मुख अर्थतन्त्र : समानता र न्यायको आधार
४. सघन अन्तरआबद्धता : आत्मसम्मानसहितको विश्वसँग सम्बन्ध
५. उच्च उत्पादकत्व : कम स्रोतबाट धेरै मूल्य सिर्जना
६. समान अवसर प्राप्त, सभ्य, सुसंस्कृत, शिक्षित, स्वस्थ र उच्च जीवनस्तर भएका नागरिक

» पृष्ठ ४

# व्यवसायजन्य रोगमा क्षतिपूर्तिको व्यवस्था

## ४९ रोगमा पाइन्छ क्षतिपूर्ति

**सुनिता कार्की** | *काठमाडौं*

मुलुकमा पहिलोपटक व्यवसायजन्य रोगले कानुनी मान्यता प्राप्त गरेको छ। सरकारले सोमबार राजपत्रमा सूचना प्रकाशित गर्दै कामको सिलसिलामा लाग्ने रोगहरूको वर्गीकरणसहित सूची सार्वजनिक गरेको हो। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम नियमावली २०७५ अनुसार व्यवसायजन्य रोगहरूको सूची सार्वजनिक गरेको श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग प्रवक्ता मणिनाथ गोपले जानकारी दिए। नियमावलीमा व्यवस्था भएको ७ वर्षपछि सरकारले व्यवसायजन्य रोगको सूची सार्वजनिक गरेको हो। यो व्यवस्थाले रोजगारदातालाई सुरक्षित कार्यस्थल निर्माण तथा श्रमिकहरूको स्वास्थ्य सुरक्षामा नयाँ आयाम ल्याउने अपेक्षा गरिएको छ।

श्रम नियमावली २०७५ को पच्छिेद ७ मा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीतिअन्तर्गत व्यवसायजन्य रोगको सूची निर्धारण तथा




क्षतिपूर्तिको व्यवस्था गरेको छ। सरकारले सार्वजनिक गरेको सूचीले कार्य गतिविधिबाट उत्पन्न हुने एजेन्टहरूको सम्पर्कको कारण हुने व्यवसायजन्य रोगहरू, लक्षित अंग प्रणालीद्वारा हुने व्यवसायजन्य रोगहरू, व्यवसायजन्य क्यान्सरअन्तर्गत विभिन्न ४९ रोगहरूलाई व्यवसायजन्य रोगहरूको सूची सार्वजनिक गरेको हो।

**श्रम नियमावलीमा के व्यवस्था छ ?**

श्रम नियमावली २०७५ को पच्छिेद ७ को दफा ५२ व्यवसायजन्य रोगको सूची निर्धारण तथा क्षतिपूर्ति : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी ऐनको दफा ८२ को उपदफा (१) बमोजिमको व्यवसायजन्य रोगको सूची तोक्ने छ।

(२) कुनै श्रमिकलाई उपनियम (१) बमोजिमको कुनै व्यवसायजन्य रोग लागेको हो वा होइन भन्ने कुराको विवाद भएमा सम्बन्धित श्रमिकले सो यकिन गर्नको लागि कार्यालयमा निवेदन दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन परेमा वा कुनै श्रमिकलाई लागेको रोग व्यवसायजन्य रोग हो वा होइन भन्ने सम्बन्धमा विवाद उत्पन्न भएमा नेपाल सरकारले अन्तर्राष्ट्रिय श्रम संगठनको मापदण्डलाई आधार मानी विशेषज्ञ चिकित्सकको समिति गठन गरी त्यस्तो समितिबाट प्राप्त प्रतिवेदनको आधारमा आवश्यक निर्णय लिनेछ।

(४) उपनियम (३) बमोजिम कुनै श्रमिकलाई व्यवसायजन्य रोग लागेको ठहर भएमा त्यस्तो श्रमिकलाई रोजगारदाताले दिनुपर्ने उपचार खर्च र क्षतिपूर्तिको रकम निर्धारण गर्ने तथा त्यस्तो रकम उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था मन्त्रालयले तोकेबमोजिम हुनेछ।

यो नियमावलीले कामको सिलसिलामा दुर्घटना हुँदा वा रोग लाग्दा सरकारले क्षतिपूर्ति र उपचारको व्यवस्था गरेको छ।

» बाँकी पृष्ठ ६